# सूर्योदय नगरपालिकाको "घ" बर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी(दोस्रो संशोधन) कार्यविधि-०७७

## प्रस्तावना

सूर्योदय नगरपालिकाको "घ" बर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि- ०७४ को समय सापेक्षा संशोधन गर्न वाञ्छनीय भएकोले नगर कार्यपालिकाको निर्णय अनुसार आवश्यक संशोधन गरी लागू गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ - (१) यो कार्यविधिको नाम " सूर्योदय नगरपालिकाको "घ" बर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि-०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त लागू हुनेछ ।

२. संशोधन सम्बन्धी व्यवस्था - (१) सूर्योदय नगरपालिकाको "घ" बर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि-०७४ को अनुसूची ५ को दफा ३ को मेसिन र उपकरण सम्बन्धी व्यवस्थामा स्काभेटर वा भ्याकु लोडर- १ थान थप गरिएको छ ।

(२). सोही दफा ३ को क. मा ट्रिपर/ट्रयाक्टर ( एक / एक थान ) उल्लेख भएकोमा ट्रिपर वा ट्रयाक्टर- एक थान राखिएको छ ।

(३). सोही दफा ३ को घ. मा वाटर पम्प तीन थान उल्लेख भएकोमा वाटर पम्प एक थान राखिएको छ ।

(४). सोही दफा ३ को भाइब्रेटर तीन थान उल्लेख भएकोमा भाइब्रेटर एक थान राखिएको छ ।

(५). अनूसूची ५ को द्रष्टव्य १ मा "उपकरणको स्वामित्वको प्रमाण- पत्र" उल्लेख भएकोमा उपकरणको स्वामित्व कम्पनीको नाममा रहेको प्रमाण-पत्र राखिएको छ ।